गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

प्रदेश जनस्वास्थ्य कार्यालय

पुतलीबजार स्याङ्जा

आ.व. २०८३/०८४	अंक: २	महिना: असोज	प्रकाशित मिति: २०८३/०७/११

मुख्य उपलब्धिहरू

- आ.व. २०८२/०८३ मा सम्पादित कार्यक्रमहरूको जिल्ला स्तरीय वार्षिक समीक्षा सम्पन्न
- समुदायमा आधारित रोग निगरानी प्रणाली सम्बन्धी अभिमुखीकरण कार्यक्रम
- Drinking Water Safety Plan and Drinking Water Quality Surveillance Program तथा सङ्क्रामक रोग निगरानी कार्यक्रम
- एच.पी.भी (HPV) खोप सञ्चालन कार्यक्रम
- मातृ तथा नवजात शिशु स्वास्थ्य (Maternal & Neonatal Health) सम्बन्धी क्लिनिकल कोचिङ तथा मेन्टोरिङ्ग कार्यक्रम
- विद्यालय पोषण कार्यक्रम समीक्षा
- पत्रकार अन्तरक्रिया कार्यक्रम
- सर्पदंश उपचार सम्बन्धि आधारभूत तालिम
- आधारभूत सेवा मापदण्ड (MSS) कार्यक्रम संचालन
- स्तनपान परामर्श तालिम
- जिल्लास्तर क्षयरोग (DS/DR) कार्यक्रमको योजना तर्जुमा तथा कोहर्ट विश्लेषण कार्यक्रम

आ.व. २०८२/०८३ मा सम्पादित स्वास्थ्य कार्यक्रमहरूको जिल्ला स्तरीय वार्षिक समीक्षा कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय, स्याङ्जाको आयोजनामा आ.व. २०८२/०८३ मा सम्पादित स्वास्थ्य कार्यक्रमहरूको जिल्ला स्तरीय वार्षिक समीक्षा कार्यक्रम सम्पन्न भएको छ। यस कार्यालयका प्रमुख, जनस्वास्थ्य प्रशासक श्री रामबहादुर नेपाली ज्यूको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा जिल्लामा सञ्चालन गरिएका स्वास्थ्य कार्यक्रमहरूको कार्यान्वयन अवस्था, उपलब्धि, चुनौती तथा सुधार गर्नुपर्ने पक्षहरूबारे छलफल गरिएको थियो।

समुदायमा आधारित रोग निगरानी प्रणाली सम्बन्धी अभिमुखीकरण कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय, स्याङ्जाको आयोजनामा असोज ६ गतेदेखि २४ गतेसम्म (९ ब्याच) संचालन गरिएको समुदायमा आधारित रोग निगरानी सम्बन्धी अभिमुखीकरण कार्यक्रममा यस जिल्लाका २७५ जना स्वास्थ्यकर्मीहरु सहभागी भएका थिए । समुदायस्तरमा रोगको शीघ्र पहिचान, सूचना संकलन तथा समयमै रिपोर्टिङ प्रणालीलाई सुदृढ बनाउने उद्देश्यले आयोजित यस कार्यक्रमले रोगको प्रारम्भिक पहिचान तथा सम्भावित प्रकोप नियन्त्रणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ। कार्यक्रम सफल बनाउन सहयोग पुऱ्याउने US Government Supported EPIC, STRIDES कार्यक्रम तथा कामना हेल्थ नेपाल संस्थाप्रति हार्दिक आभार व्यक्त गर्दछ।

Drinking Water Safety Plan and Drinking Water Quality Surveillance Program तथा सङ्क्रामक रोग निगरानी कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय, स्याङ्जाको आयोजनामा असोज ८ गते Drinking Water Safety Plan तथा Drinking Water Quality Surveillance Program र सङ्क्रामक रोग निगरानी सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रम मार्फत सुरक्षित खानेपानीको सुनिश्चितता, खानेपानीको गुणस्तरको नियमित निगरानी तथा दूषित पानीबाट सर्न सक्ने रोगहरूको जोखिम न्यूनीकरणका विषयमा छलफल गरिएको थियो।

एच.पी.भी (HPV) खोप सञ्चालन कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय, स्याङ्जाको समन्वयमा पाठेघरको मुखको क्यान्सरबाट बचाउन किशोरीहरूलाई लक्षित गरी एच.पी.भी (HPV) खोप कार्यक्रम सञ्चालन गरिएको छ। यस कार्यक्रममार्फत लक्षित उमेर समूहका किशोरीहरूलाई खोप प्रदान गर्नुका साथै पाठेघरको मुखको क्यान्सर रोकथाममा एच.भी.पी. खोपको महत्त्वबारे जनचेतना अभिवृद्धि गरिएको थियो। कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सम्बन्धित स्वास्थ्य संस्था, विद्यालय तथा सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गरिएको थियो।

मातृ तथा नवजात शिशु स्वास्थ्य (Maternal & Neonatal Health) सम्बन्धी क्लिनिकल कोचिङ तथा मेन्टोरिङ्ग कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय, स्याङ्जाको आयोजनामा मातृ तथा नवजात शिशु स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले तीनवटा स्वास्थ्य संस्थाहरुमा छुट्टाछुट्टै मितिमा क्लिनिकल कोचिङ तथा मेन्टोरिङ्ग कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रम अन्तर्गत स्वास्थ्यकर्मीहरूलाई मातृ तथा नवजात शिशु स्वास्थ्य सेवा सम्बन्धी आवश्यक प्राविधिक ज्ञान, सीप तथा व्यवहारिक दक्षता अभिवृद्धिका लागि सहजीकरण गरिएको थियो। साथै, स्वास्थ्य संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर सुधार, सुरक्षित मातृत्व सेवा प्रवर्द्धन तथा नवजात शिशुको उचित हेरचाह र सम्भावित जटिलताको समयमै पहिचान एवं व्यवस्थापनमा जोड दिइएको थियो। यस कार्यक्रमले स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि गर्दै मातृ तथा नवजात शिशु स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

विद्यालय पोषण कार्यक्रम समिक्षा

प्रदेश जनस्वास्थ्य कार्यालय, स्याङ्जाको आयोजनामा विद्यालय पोषण कार्यक्रमसम्बन्धी समिक्षा असोज १२ गतेदेखि १४ गतेसम्म भीरकोट नगरपालिकाको सभाहलमा कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रममा विद्यालयमा सञ्चालन भइरहेका पोषणसम्बन्धी गतिविधिहरूको समीक्षा, विद्यार्थीहरूको पोषण अवस्था सुधार गर्न अपनाइएका उपायहरू तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका चुनौतीहरूबारे छलफल गरिएको थियो।



पत्रकार अन्तरक्रिया कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय, स्याङ्जाको आयोजनामा स्वास्थ्य सम्बन्धी सूचना तथा सन्देशहरू आम नागरिकसम्म प्रभावकारी रूपमा पुऱ्याउने उद्देश्यले पत्रकार अन्तरक्रिया कार्यक्रम असोज २२ गते सञ्चालन गरिएको थियो। स्वास्थ्यसम्बन्धी सही, तथ्यपरक तथा जनचेतनामूलक सूचना प्रवाहमा सञ्चारमाध्यमको भूमिका, स्वास्थ्य कार्यक्रमहरूको प्रचारप्रसार र कार्यालय तथा सञ्चारकर्मीबीच समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउने विषयमा जोड दिइएको थियो।

सर्पदंश उपचार सम्बन्धि आधारभूत तालिम

प्रदेश जनस्वास्थ्य कार्यालय स्याङ्जा, नवलपुर र तनहुँको संयुक्त आयोजनामा असोज २२, २३ र २४ गते सर्पदंश उपचार सम्बन्धि आधारभूत तालिम सफलतापूर्वक सम्पन्न भएको छ। उक्त तालिममा यस जिल्लाका १४ जना (चिकित्सक तथा स्वास्थ्यकर्मी) सहभागी भएका थिए । विषालु सर्पको पहिचान गर्न विभिन्न प्रजातिका सर्पहरुको प्रत्यक्ष अवलोकन गर्ने अवसर प्राप्त भएकोले सहभागीहरुको प्रयोगात्मक ज्ञान र सीपको अभिवृद्धि हुनुका साथै विषालु सर्पदंश केस व्यबस्थापन गर्ने आत्मविश्वास बढेको पाईएको छ ।

आधारभूत सेवा मापदण्ड (MSS) कार्यक्रम संचालन

प्रदेश जनस्वास्थ्य कार्यालय, स्याङ्जाको आयोजना, आँधिखोला गाउँपालिकाको समन्वय तथा प्रदेश अस्पताल स्याङ्जाको सहजीकरणमा आँधिखोला आधारभूत अस्पतालको आधारभूत सेवा मापदण्ड मुल्यांकन एवं प्रस्तुतीकरण असोज २३ र २४ गते सम्पन्न गरियो । सो मुल्यांकनको क्रममा विशेष गरि तीनवटा आयामहरु- सुशासन तथा व्यबस्थापन, चिकित्सकीय सेवा व्यबस्थापन र अस्पताल सहयोग सेवा व्यबस्थापन सम्बन्धिका विविध आयामहरुमा रहेर अस्पतालबाट प्रवाह भईरहेको स्वास्थ्य सेवाको गुणस्तरीयता, प्रचलित मापदण्ड, भौतिक पूर्वाधार तथा दक्ष जनशक्ति आदि सूचकांकको सवल पक्ष एवं सुधार गर्नपर्ने पक्षहरुको बारेमा बिस्तृत छलफल र प्रस्तुतीकरण गरि सम्पन्न गरियो।

स्तनपान परामर्श तालिम

प्रदेश जनस्वास्थ्य कार्यालय, स्याङ्जाको आयोजनामा असोज २८ देखि ३० गतेसम्म स्तनपान परामर्श सम्बन्धी तालिम सञ्चालन गरिएको थियो। तालिममा स्वास्थ्यकर्मीहरूको स्तनपान सम्बन्धी ज्ञान तथा परामर्श सीप अभिवृद्धि गर्ने, शिशु जन्मेको एक घण्टाभित्र स्तनपान सुरु गराउने, छ महिनासम्म पूर्ण स्तनपान गराउने तथा स्तनपानको उचित तरिका र महत्त्वबारे आमाहरूलाई प्रभावकारी परामर्श प्रदान गर्ने विषयमा सहजीकरण गरिएको थियो। साथै, आमा तथा शिशुको स्वास्थ्य र पोषण प्रवर्द्धनमा स्तनपानको भूमिकाबारे जोड दिइएको थियो।

क्षयरोग कार्यक्रमको योजना तर्जुमा तथा कोहर्ट विश्लेषण कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय, स्याङ्जाको आयोजनामा असोज २८ र २९ गते क्षयरोग कार्यक्रमको योजना तर्जुमा तथा कोहर्ट विश्लेषण कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा जिल्लामा सञ्चालित क्षयरोग नियन्त्रण तथा व्यवस्थापनसम्बन्धी कार्यक्रमहरूको समीक्षा गर्दै औषधि संवेदनशील (DS-TB) तथा औषधि प्रतिरोधी (DR-TB) क्षयरोगका बिरामीहरूको उपचार नतिजा, उपचार सफलता तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या र चुनौतीहरूबारे छलफल गरिएको थियो। साथै, क्षयरोग नियन्त्रण कार्यक्रमलाई थप प्रभावकारी बनाउन आगामी कार्ययोजना तथा आवश्यक सुधारका उपायहरूबारे समेत छलफल गरिएको थियो।